- युनेस्को क्लब तथा संस्थाहरूको क्षमता विकासकालागि तालिम, गोष्ठी, अन्तरक्रिया कार्यक्रम आदि आयोजना गर्ने,
- युनेस्को क्लबहरूको महासङ्घहरूको क्षेत्रीय र अन्तर्राष्ट्रियस्तरमा आयोजना हुने बैठक वा सम्मेलनमा युनेस्कोको निमित्त राष्ट्रिय आयोगको स्वीकृति अनुसार भाग लिन प्रतिनिधि खटाउने,
- देशीय, क्षेत्रीय र अन्तर्राष्ट्रियस्तरमा आयोजना हुने युनेस्को क्लब तथा संस्थाहरूको कार्यक्रममा भाग लिन महासङ्घको सदस्यता प्राप्त क्लब वा संस्थाको पदाधिकारीको चयन गरी मनोनयन वा स्वीकृतिकालागि युनेस्कोको निमित्त नेपाल राष्ट्रिय आयोगमा सिफारिस गर्ने,
- युनेस्को क्लब तथा संस्थाहरूको अनुगमन गर्ने, प्रतिवेदन लिने, पुरस्कार र कारवाहीकालागि युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगमा सिफारिस गर्ने,
- युनेस्को क्लब तथा संस्थाहरूबाट युनेस्को विषय क्षेत्रमा परियोजना प्रस्ताव प्राप्त गर्ने, परियोजना सञ्चालनकालागि आर्थिक तथा प्राविधिक सहयोग प्रदान गर्न युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगमा सिफारिस गर्ने,
- युनेस्कोको नाम, लोगो, एक्रोनाम, इन्टरनेट डोमिन आदिको प्रयोग सम्बन्धमा युनेस्को क्लब, केन्द्र, संस्थालाई सशक्तीकरण गर्ने,
- युनेस्को क्लब तथा संस्थाहरूको हित संरक्षण तथा प्रवर्द्धनकालागि युनेस्कोको निमित्त राष्ट्रिय आयोगमार्फत सरकार तथा युनेस्को सम्बद्ध निकायमा पैरवी गर्ने, आदि ।

## युनेस्को पेरिस तथा अन्य युनेस्कोसागको सहकार्य

युनेस्को पेरिस, युनेस्को काठमाडौं, युनेस्कोका निमित्त कोरियन राष्ट्रिय आयोग, एसिया प्यासिफिक युनेस्को सांस्कृतिक केन्द्र जापान र अन्तर्राष्ट्रिय सङ्घ संस्थाको सहयोगमा यस आयोगले विभिन्न सम्बन्धित विषयहरूमा सेमिनार, सम्मेलन र कार्यशाला गोष्ठीको आयोजना गर्ने गर्दछ । नेपालको सांस्कृतिक सम्पदाहरूको सम्वर्द्धन र संरक्षण गर्ने, सबैको लागि शिक्षाको प्रवर्द्धन गर्न शिक्षाको विभिन्न पक्षमा कार्यशाला गोष्ठीको आयोजना गराउंदछ ।

### प्रमुख उपलब्धिहरू

- युनेस्को पेरिसको सहभागितामूलक कार्यक्रममा सहभागी भए, सहभागी हुन प्रेरित गरेर मुलुकको शिक्षा, संस्कृति, सामाजिक, विज्ञान र आमसञ्चारको क्षेत्रमा समसामयिक परियोजनाहरू सञ्चालन गरि ति क्षेत्रहरूको विकास र प्रवर्द्धनमा सहयोग पुऱ्याएको ।
- विषय समितिहरू (शिक्षा, विज्ञान, संस्कृति, सामाजिक र आमसञ्चार) र विशेष समितिहरू (International Hydrological Program र Man and Biosphere) परिचालन गरि सम्बन्धित क्षेत्रमा जागरणमूलक, चेतनामूलक, सन्देशमूलक कार्यक्रमहरू सञ्चालन गरि ती क्षेत्रहरूको विकासमा सरोकारवालाहरूलाई जागरूक, उत्साहित र प्रेरित गराउने कार्य गरेको ।
- दिगो विकास र जलवायु परिवर्तन सम्बन्धी परियोजनाहरू विद्यालय र सामुदायिक अध्ययन केन्द्रहरूमार्फत सञ्चालन गरि Green, Clean, Peace and Safe लाई अभियानको रूपमा क्षेत्र, जिल्ला र स्थानीय तहसम्म पुऱ्याएको ।
- जापान, द. कोरिया, थाइल्याण्ड लगायतका युनेस्कोका निमित्त राष्ट्रिय आयोगहरूसँग सहकार्य, सद्भाव र मैत्रिपूर्ण वातावरण निर्माण गरि तालिम, गोष्ठी, अवलोकन भ्रमण, परियोजना जस्ता कार्यक्रमहरू प्राप्त गरेर शिक्षक, कर्मचारी, अभियन्ताहरूको क्षमता विकासमा सहयोग पुऱ्याएको ।
- मानव अधिकार र बाल अधिकार सम्बन्धमा सरोकारवालाहरूको बहस गर्ने, आवाज उठाउने क्षमताको विकास गरेको ।
- सबैका लागि शिक्षासम्बन्धी कार्य योजना तयार पार्न शिक्षा मन्त्रालयलाई सहयोग गरि मुलुकको शैक्षिक योजना तथा कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयनको लागि टेवा पुऱ्याएको ।
- युनेस्कोले आव्हान गरेका अन्तर्राष्ट्रिय वर्ष तथा दिवसहरू विभिन्न कार्यक्रमहरू आयोजना गरी मनाउन सहयोग गरेको ।
- अनुसन्धान तथा अध्ययन सम्बन्धी कार्यहरूमा सहयोग पुऱ्याएको ।
- Associated School Project Network मार्फत शैक्षिक विकास र उनीहरूको लागि विद्यालयहरूलाई उत्प्रेरित गराएको ।

- शिक्षाको माध्यमबाट मानव मष्तिस्कमा शान्तिको विजारोपणको लागि पहल गरिरहेको ।
- युनेस्को पेरिसमा बुद्धको मूर्ति स्थापना गरिएको ।

### भावि कार्यक्रमहरू

- शान्ति निर्माण कार्यलाई व्यापक बनाउने,
- गरिबी निवारण कार्यमा सहयोग गर्ने,
- दिगो विकास सम्बन्धी गतिविधिलाई जनस्तरसम्म लैजाने,
- मानव अधिकार र बाल अधिकार सम्बन्धी वहसलाई अझ सशक्त बनाउने,
- गुणात्मक शिक्षा र जीवन पर्यन्त शिक्षालाई जोड यस सम्बन्धी दिएर गतिविधिहरू सञ्चालन गर्ने,
- विज्ञान सम्बन्धी ज्ञान तथा नीतिलाई दिगो विकासका लागि परिचालन गर्ने,
- सामाजिक सद्भाव निर्माण सम्बन्धी कार्य गर्ने,
- सूचना र प्रविधिको माध्यमबाट समावेशी भावनायुक्त समाजको निर्माण गर्ने,
- अध्ययन अनुसन्धान कार्यहरूलाई निरन्तरता दिने,
- युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको कार्यालय भवन निर्माण गर्ने,
- Mountainous Climate and Water Research Centre नेपालमा स्थापना गर्ने ।

cfof]u tyf :flrjfnosf]:fª\u7g tflnsf




# युनेस्को ब्रोसियर


नेपाल सरकार
शिक्षा मन्त्रालय
**युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालय**
सिंहदरवार, काठमाडौं, नेपाल
टेलिफोन नं.: ४२००५५९/५६०/५६२ फ्याक्स नं.: ४२००५६१
वेबसाइट : nncu.org.np
इमेल : unesco@nncu.org.np


## ऐतिहासिक पृष्ठभूमि

दोस्रो विश्व युद्धको सन्तापले अक्रान्त विश्वलाई आपसी शान्ति, मैत्री र विकासको माध्यमबाट समुन्नत गर्ने अभिप्रायले स्थापित संयुक्त राष्ट्र सङ्घको बहुआयामिक पहल मध्ये विश्वमा शिक्षा, विज्ञान, संस्कृति, सामाजिक तथा मानवीय र सञ्चार क्षेत्रमा अनुसन्धान, सशक्तिकरण र विकास गर्ने उद्देश्य सहित विशिष्टिकृत संस्थाको रूपमा स्थापित युनेस्को (UNESCO-United Nations Educational, Scientific and Cultural Organization) संयुक्त राष्ट्र सङ्घको एउटा विशिष्ट सङ्गठन हो । यसको स्थापना सन् १९४५ नोभेम्बर १६ मा भएको हो । शुरूमा यस सङ्गठनका सदस्य ३७ राष्ट्रहरू थिए भने हाल यसका सदस्य राष्ट्रहरू १९५ पुगेका छन् । यसको प्रधान कार्यालय फ्रान्सको पेरिसमा रहेको छ । क्षेत्रीय कार्यालयहरू तथा फिल्ड कार्यालयहरू विभिन्न मुलुकमा छन् ।

युनेस्कोको नेपाल पनि सदस्य राष्ट्र हो । नेपाल सन् १९५३ देखि युनेस्कोको सदस्य भएको हो । युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगले सन् १९५४ देखि युनेस्कोको निमित्त अन्तरिम आयोगको रूपमा काम गर्न थालेको थियो । यसको एउटा छुट्टै सचिवालय शिक्षा मन्त्रालय अन्तर्गत रहेको छ ।

युनेस्कोका प्रत्येक सदस्य राष्ट्रले आफ्नो देशमा राष्ट्रिय आयोग गठन गरी सोही आयोगमार्फत सरकार र युनेस्को बिच सञ्चार तथा समन्वय गर्ने गराउने, युनेस्कोबाट राष्ट्रले प्राप्त गर्ने सहयोगमा अभिवृद्धि गर्ने गराउने र युनेस्को सम्बद्ध कार्यक्रम कार्यान्वयन गर्ने गर्दछन् । नेपाल पनि उक्त ;"\गठनको सदस्य राष्ट्र भएकोले यसै सन्दर्भमा युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको स्थापना भएको हो । युनेस्कोको प्रधान कार्यालयसँग समन्वय गरी कार्यलाई सहजता प्रदान गर्न पेरिसस्थित नेपाली राजदूतावासलाई युनेस्कोका निमत्त नेपाल राष्ट्रिय आयोगका स्थायी प्रतिनिधिको रूपमा कार्य गर्न तोकिएको छ । प्रत्येक २-२ वर्षमा युनेस्कोको महासभा युनेस्कोको प्रधान कार्यालय पेरिसमा सञ्चालन हुने गर्दछ ।

## युनेस्कोको उद्देश्य

शिक्षा, विज्ञान र संस्कृतिको माध्यमद्वारा संयुक्त राष्ट्र सङ्घको घोषणा पत्रमा उल्लेखित उद्देश्य अनुरूप युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको उद्देश्य निम्न अनुसार छन् :

- शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक कार्यक्रमहरूको माध्यमद्वारा नेपाली जनताको आर्थिक, सामाजिक एवम् बौद्धिक विकास गर्ने ।
- शिक्षा, संस्कृति, विज्ञान, आमसञ्चार तथा सामाजिक क्षेत्रमा अध्ययन अनुसन्धान, तालिम, गोष्ठी, सभा, सम्मेलन आदि गर्ने, गराउने ।
- आफ्नो देशको गौरवमय संस्कृतिको वैभवलाई विश्वका अन्य राष्ट्रहरूमा स्रोत साधनले भ्याएसम्म परिचित गर्ने, गराउने ।
- युनेस्कोको उद्देश्य एवम् कार्यक्रमहरूको प्रचार प्रसार गरी सर्वसाधारण जनता समक्ष पुऱ्याउने ।
- अन्तर्राष्ट्रिय एवम् क्षेत्रीयस्तरमा युनेस्कोबाट सञ्चालित कार्यक्रममा सघाउ पुऱ्याउने ।
- युनेस्कोको सहयोगमा सञ्चालित राष्ट्रिय तथा क्षेत्रीय विकास आयोजना एवम् कार्यक्रमहरूको कार्यान्वयनमा सहयोग पुऱ्याउने ।

## युनेस्कोका आदर्शहरू

- शान्ति, मैत्री तथा आपसी सद्भाव,
- सहनसिलता,
- मानव अधिकारको सम्मान,
- सहकार्य र सामुहिक प्रयास,
- सामाजिक न्याय तथा उपलब्धिको न्यायोचित वितरण,
- रचनात्मक सिर्जनसिलताद्वारा शान्ति, प्रगति तथा सम्बृद्धिको प्रवर्धन र संस्थागत विकास ।

## आयोगको गठन

| | | |
|---|---|---|
| (क) | शिक्षा मन्त्री | - अध्यक्ष |
| (ख) | शिक्षा राज्यमन्त्री वा सहायक मन्त्री | - उपाध्यक्ष |
| (ग) | विश्वविद्यालयका उपकुलपतिहरूमध्येबाट शिक्षा मन्त्रालयद्वारा मनोनीत दुइ जना | - सदस्य |
| (घ) | शिक्षा सचिव | - महासचिव |
| (ङ) | परराष्ट्र मन्त्रालयको रा.प. प्रथम श्रेणीको अधिकृत प्रतिनिधि | - सदस्य |
| (च) | विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालयको रा.प. प्रथम श्रेणीको अधिकृत प्रतिनिधि | - सदस्य |
| (छ) | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको रा.प. प्रथम श्रेणीको अधिकृत प्रतिनिधि | - सदस्य |
| (ज) | कानुन, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालयको रा.प. प्रथम श्रेणीको अधिकृत प्रतिनिधि | - सदस्य |
| (झ) | अर्थ मन्त्रालयको रा.प. प्रथम श्रेणीको अधिकृत प्रतिनिधि | - सदस्य |
| (ञ) | विभिन्न सङ्घ, संस्थाका प्रमुखहरूमध्येबाट शिक्षा मन्त्रालयद्वारा मनोनीत बढीमा चार जना | - सदस्य |
| (ट) | शिक्षाविद्हरूमध्येबाट शिक्षा मन्त्रालयद्वारा मनोनीत पाँच जना | - सदस्य |
| (ठ) | विषय समितिका पदाधिकारीहरू | - सदस्य |
| (ड) | एसोसिएटेड स्कुल प्रोजेक्ट नेटवर्कका राष्ट्रिय संयोजक | - सदस्य |
| (ढ) | युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगका सहायक महासचिव | - सदस्य सचिव |

## कार्यकारिणी समितिको गठन

| | | |
|---|---|---|
| (क) | आयोगको अध्यक्ष | - अध्यक्ष |
| (ख) | आयोगको उपाध्यक्ष | - उपाध्यक्ष |
| (ग) | आयोगको महासचिव | - सदस्य |
| (घ) | आयोगको सदस्यमा मनोनीत उपकुलपतिहरूमध्ये अध्यक्षद्वारा मनोनीत एकजना | - सदस्य |
| (ङ) | विषय समितिका संयोजकहरू | - सदस्य |
| (च) | आयोगमा मनोनीत शिक्षाविद्हरूमध्येबाट अध्यक्षद्वारा मनोनीत दुइ जना | - सदस्य |
| (छ) | सहायक महासचिव | - सदस्य |
| (ज) | सचिवालयको सचिव | - सचिव |

## विषय तथा विशेष समितिहरू

(१) विषय समितिहरू

- शिक्षा समिति
- संस्कृति समिति
- विज्ञान समिति
- आमसञ्चार समिति
- सामाजिक समिति

### (२) विशेष समितिहरू

- International Hydrological Program (IHP) समिति
- Man and Biosphere (MAB) समिति

## आयोगको प्रमुख कार्यहरू

युनेस्को पेरिसको विधानबाट समेत निर्देशित रहेको युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको विधानले आयोगको संरचनालाई युनेस्को पेरिसको संरचनासँग मिल्दो किसिमले अंगिकार गरेको छ । आफ्नो विधान, युनेस्को पेरिसका कार्यक्रम तथा नेपाल सरकार विशेष गरी शिक्षा मन्त्रालयसँगको समन्वय एवम् निकटतामा रहेर यसले विभिन्न कार्यहरू गर्दछ । आयोगका प्रमुख कार्यहरू निम्न अनुसार रहेको छ :

- ❖ शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक कार्यक्रमहरूको माध्यमद्वारा नेपाली जनताको आर्थिक, सामाजिक एवम् बौद्धिक विकास गर्ने,
- ❖ शिक्षा, संस्कृति, विज्ञान, आमसञ्चार तथा सामाजिक क्षेत्रमा अध्ययन अनुसन्धान, तालीम, गोष्ठी, सभा, सम्मेलन आदि गर्ने, गराउने,
- ❖ आफ्नो देशको गौरवमय संस्कृतिको वैभवलाई विश्वका अन्य राष्ट्रहरूमा आफ्नो साधनले भ्याएसम्म परिचित गर्ने, गराउने,
- ❖ युनेस्कोको उद्देश्य, आदर्श एवम् कार्यक्रमहरूको प्रचार प्रसार गरी सर्वसाधारण जनता समक्ष पुर्‍याउने,
- ❖ अन्तर्राष्ट्रिय एवम् क्षेत्रीयस्तरमा युनेस्कोबाट सञ्चालित कार्यक्रममा सघाउ पुर्‍याउने,
- ❖ युनेस्कोको सहयोगमा सञ्चालित राष्ट्रिय तथा क्षेत्रीय विकास आयोजना एवम् कार्यक्रमहरूको कार्यान्वयनमा सहयोग पुर्‍याउने,
- ❖ प्रत्येक दुइ वर्षमा हुने युनेस्कोको महाधिवेशनमा भाग लिन जाने प्रतिनिधि मण्डललाई आवश्यक सरसल्लाह र निर्देशन दिने,
- ❖ युनेस्कोद्वारा पारित प्रस्तावहरू कार्यान्वयन गर्ने गराउने,
- ❖ युनेस्कोको उच्चतम आदर्श प्राप्तिका लागि समय समयमा सदस्य राष्ट्रहरू बिच भ्रमणको आदान प्रदानबाट अन्तर्राष्ट्रिय समझदारी र आपसी सहयोग बढाउने,
- ❖ अन्तर्राष्ट्रिय समझदारी बढाउने खालका सामाग्रीहरूको अन्तर्राष्ट्रियस्तरमा आदान प्रदान आदि कार्य गर्ने गराउने,
- ❖ आयोगसँग सम्वद्ध युनेस्को क्लबद्वारा सञ्चालित विभिन्न कार्यक्रमहरूको सुपरिवेक्षण गर्ने गराउने,
- ❖ युनेस्कोका अरू सदस्य राष्ट्रहरूको आयोगसँग सम्पर्क बढाउने र सहकार्य गर्ने,
- ❖ आयोगको महाधिवेशन कम्तीमा वर्षको एक पटक बोलाउने,
- ❖ युनेस्कोको उद्देश्य प्राप्तिका लागि सङ्कल्प प्रस्तावहरू पारित गर्ने ।

## नीति तथा कायक्रम

युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको नीति तथा कार्यक्रम भनेकै युनेस्कोका आदर्शहरूलाई स्थानीयस्तरसम्म पुर्‍याई शान्ति निर्माण, विकास सुनिश्चित र सम्वृद्धिका लागि समुदायमा आधारित संस्थाहरू समेत परिचालन गरी स्थानीयस्तरसम्म पुर्‍याउनु हो। यसका लागि पाँच ओटै विषय समितिका क्षेत्रहरूमा कार्यक्रम सञ्चालन गर्नु गराउनु हो । त्यसैले सालबसाली रूपमा नेपालका विकासकालागि युनेस्कोका विषय क्षेत्रहरूसँग सम्बन्धित विभिन्न कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने गराउने नीति लिएको छ। यस्तै युनेस्को पेरिससँग सम्बन्ध सुदृढ बनाई नेपाललाई प्राप्त हुने सहयोग तथा अवसरमा वृद्धि गर्ने नीति लिएको छ ।

## युनेस्कोका साझेदार संस्थाहरू

युनेस्कोका आदर्शहरूलाई जनमानसमा पुर्‍याउने कार्यको निमित्त युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको महत्वपूर्ण साझेदार संस्थाहरू निम्न अनुसार छन् :

- ❖ Associated School Project Network (ASPNet)
- ❖ युनेस्को क्लबहरूको राष्ट्रिय महासङ्घ
- ❖ युनेस्को क्लबहरू
- ❖ गैरसरकारी संस्थाहरू
- ❖ अन्तरसरकारी संस्थाहरू
- ❖ विश्वव्यापी सञ्जाल (संयुक्त राष्ट्र सङ्घका अङ्ग तथा विशिष्टिकृत सस्थाहरू, अन्तर्राष्ट्रिय तथा क्षेत्रीय सङ्गठनहरू, अन्तर्राष्ट्रिय तथा क्षेत्रीय वित्तिय सङ्गठन/संस्थाहरू आदि)
- ❖ सञ्चार जगत
- ❖ सदस्य राष्ट्रको सरकार ।

## युनेस्को सम्वद्ध विद्यालय परियोजना सञ्जाल

युनेस्को सम्वद्ध विद्यालय परियोजना सञ्जाल (ASPNet-Associate School Project Network) युनेस्कोको आदर्श र उद्देश्य प्रति प्रतिवद्ध विद्यालय, शिक्षक तथा विद्यार्थीहरूको साझा सञ्जाल हो । युनेस्कोको उद्देश्य तथा कार्यक्रम प्रति प्रतिवद्ध भई देशभित्रका र अन्य राष्ट्रका विद्यालयहरूसँग आपसी सम्पर्क सञ्जाल स्थापना गरी ऐक्यवद्धता र भाइचारा स्थापित गर्ने विद्यालयलाई “युनेस्को सम्वद्ध विद्यालय” भनी परिभाषित गरिएको छ ।

शान्तिपूर्ण, हिंसारहित, समुन्नत प्रजातान्त्रिक तथा न्यायपूर्ण विश्व निर्माणका लागि शिक्षाको भूमिकालाई बढी सशक्त बनाइ सचेत, सक्षम र सक्रीय युवा वर्ग तयार पार्नु र क्रियाशील बनाउनु युनेस्को सम्वद्ध विद्यालय परियोजनाको लक्ष्य हो । यस सञ्जाल अन्तर्गत निजी तथा सरकारीस्तरका साधारण तथा प्राविधिक विद्यालयहरू, शिक्षक तालिम केन्द्रहरू, व्यावसायिक विद्यालयहरू तथा  महाविद्यालयहरू सहभागी हुन पाउँदछन् ।

विद्यालय र विद्यार्थीहरू मार्फत युनेस्कोको आदर्शहरूलाई समाजको सबै तह र तप्कामा पुर्‍याई समझदारी, सहनशीलता, सहयोग र सहकार्यको प्रवर्द्धन गर्दै शान्ति र प्रगती सुनिश्चत गर्ने दिशामा यो सञ्जाल कार्यरत रहेको छ ।

अभिलेख अनुसार नेपाल सन् १९६९ मा एएसपीनेटमा प्रवेश भएको देखिन्छ । उक्त समयमा नेपालका ४ ओटा विद्यालय समावेश भएकोमा सन् २०१५ सम्म ९१ ओटा विद्यालय यसमा आवद्ध भै युनेस्को प्रधान कार्यालय पेरिसबाट प्रमाण पत्र प्राप्त गरिसकेका छन् ।

## एएसपीनेट विद्यालयका प्रमुख कार्यहरू

- ❖ आफुले सञ्जालको सदस्यता पाउन भरेको आवेदन फाराममा उल्लेख गरेको परियोजना निर्धारित समयभित्र विद्यार्थी, शिक्षक अभिभावक तथा स्थानीय समुदायको सहभागितामा सञ्चालन गर्ने,
- ❖ सञ्जालमा आवद्ध भएका आफ्नो देशका विद्यालसँग सम्पर्क, सहयोग र सहकार्य बढाउने,
- ❖ विद्यार्थी, शिक्षक अभिभावक तथा स्थानीय समुदायको सहभागितामा संयुक्त राष्ट्र सङ्घ र युनेस्को सम्वद्ध दिवसका अवसरमा विभिन्न प्रवर्द्धनात्मक, प्रचारात्मक र कार्यमूलक कार्यक्रम आयोजना गर्ने,
- ❖ युनेस्कोले प्रवर्द्धन गरेका हरित विद्यालय (Green School), बालमैत्री विद्यालय (Child Friendly School) वातावरणमैत्री विद्यालय (Envorinment Friendly School) जस्ता अवधारणा आफ्नो विद्यालयमा कार्यान्वयन गर्ने,
- ❖ शिक्षाको गुणस्तर वृद्धि, स्थानीय वातावरण संरक्षण, अन्तरसांस्कृतिक समन्वयको प्रवर्द्धन, जलवायु परिवर्तनको असर न्यूनीकरण सम्वद्ध विषय आदिमा लघुपरियोजना तयार गरी कार्यान्वयन गर्ने,
- ❖ सम्भव भएसम्म विद्यालयले आफ्नो वेभ पाना (web page) तयार गरी सोमा आफुले गरेका उदाहरणीय कार्यको जानकारी अध्यावधिक गरी राख्ने, कार्यसँग सम्बन्धित फोटो वा भिडियो समेत राखी अनुभवको आदान प्रदान गर्ने,
- ❖ सम्भव भएसम्म सञ्जालमा आवद्ध विद्यालयसँग इन्टरनेट र इमेल सम्पर्क कायम गरी अनुभवको आदान प्रदान गर्ने,
- ❖ सञ्जालमा आवद्ध विद्यालयका विद्यार्थीसँग इन्टरनेट र इमेल सम्पर्क कायम गरी अनुभवको आदान प्रदान गर्न आफ्ना विद्यार्थी र शिक्षकलाई अभिप्रेरित गर्ने ।
- ❖ युनेस्कोले आव्हान गरेको दिगो विकासकालागि शिक्षा दशक जस्ता युनेस्को दशक सम्वद्ध कार्यक्रममा सक्रिय रूपमा सहभागी हुने र सम्वद्ध कार्यक्रम सञ्चालन गर्ने,
- ❖ युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोग र एएसपीनेट राष्ट्रिय संयोजकले युनेस्को सम्बन्धमा दिएका निर्देशन तदारूकताकासाथ पालन गर्ने,
- ❖ विद्यालयले युनेस्को विषय क्षेत्र विशेषत गुणस्तरीय शिक्षाको विकास विस्तारका सम्बन्धमा सञ्चालन गरेका कार्यक्रम, हासिल गरेका उपलब्धि बारेमा वार्षिक रूपमा युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालय र एएसपीनेट राष्ट्रिय संयोजकलाई वार्षिक र आवधिक प्रतिवदेन पेश गर्ने ।

## एएसपीनेट राष्ट्रिय संयोजक

नेपालमा युनेस्कोका आदर्शहरूको प्रवर्द्धनका लागि कानुनबमोजिम संस्थापित सामुदायिक वा संस्थागत विद्यालयहरूलाई एएसपीनेटवर्कमा आवद्ध हुन प्रोत्साहित गर्न एएसपीनेटसँग आवद्ध विद्यालयहरूसँग समन्वय गरी एएसपीनेट अभियानलाई प्रवर्द्धन गराउनका लागि आयोगको महासचिवले एक जना एएसपीनेटको राष्ट्रिय संयोजक मनोनयन गर्ने प्रावधान छ ।

## एएसपीनेटका संयोजकको काम, कर्तव्य र अधिकार

- ❖ विश्वव्यापी युनेस्को एएसपीनेटको सदस्यको रूपमा कार्य गर्ने,
- ❖ आवश्यकता अनुसार एएसपीनेट विद्यालयहरूको समन्वय गर्ने,
- ❖ मुलुकका एएसपीनेट विद्यालयहरूमा शैक्षिक उन्नयनका लागि महत्त्वपूर्ण भूमिका खेल्ने,
- ❖ युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालय एएसपीनेट विद्यालयहरू युनेस्को काठमाडौं र अन्य सम्बन्धित संस्थाहरू बिच सौहार्दपूर्ण वातावरणको विकास गर्ने,
- ❖ युनेस्कोले प्राथमिकतामा राखेका क्षेत्रहरूसँग सम्बन्धित विषयवस्तुहरू शिक्षणको लागि सदस्य विद्यालयहरूलाई प्रेरित गर्ने,
- ❖ शान्ति, अन्तर्राष्ट्रिय समझदारी, युनेस्कोका उद्देश्य तथा आदर्श र युनेस्कोले ल्याएका नयाँ नयाँ ज्ञान तथा प्रवर्तनात्मक कार्यहरूको प्रवर्द्धनमा सहयोग गर्ने,
- ❖ युनेस्कोको समन्वयमा हुने गतिविधिहरूमा सहभागी हुने,
- ❖ विद्यालयको शिक्षण सिकाइमा प्रयोगको लागि शैक्षिक सामाग्रीहरू र प्रवर्तनात्मक शिक्षण विधिहरू निर्माण सम्बन्धी शैक्षिणिक परियोजनाहरू तयार गर्ने
- ❖ असल अभ्यासहरूको विकास र तिनीहरूको प्रवोधिकरणको लागि सदस्य विद्यालयहरूलाई सहजीकरण गर्ने,
- ❖ शिक्षाको गुणस्तर सुधारको निमित्त एएसपीनेट विद्यालयहरूले आयोजना गरेको सभा गोष्ठि आदिको समन्वय तथा नेतृत्व गर्ने,
- ❖ एएसपीनेट विद्यालयहरू परिचालन सम्बन्धी वार्षिक कार्ययोजना निर्माण गर्ने र सचिवालयमा समेत पेश गर्ने,
- ❖ युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोग तथा अन्य सम्बन्धित निकायहरूबाट प्राप्त कार्यक्रम तथा बजेटको परिचालन तथा कार्यान्वयन गर्ने,
- ❖ सचिवालयमार्फत अन्य सम्बन्धित संस्थाहरूसँग समन्वय र सम्बन्ध विकास गर्ने,
- ❖ एएसपीनेटका सम्बन्धमा सचिवालयसँग समन्वय गरी कार्यक्रम सञ्चालन गर्ने,
- ❖ एएसपीनेट परिचालन सम्बन्धमा वार्षिक योजना तयार गरी स्वीकृतिका लागि सचिवालयमा पेस गर्ने । सचिवालयबाट स्वीकृत कार्यक्रम सञ्चालनका लागि सचिवालयले उपलब्ध गराएको आर्थिक सहयोग कार्ययोजना निर्माण गरी खर्च गर्ने,
- ❖ एएसपीनेटका सम्बन्धमा भए गरेका काम कारवाहीको वार्षिक र आवधिक प्रतिवेदन सचिवालयमा पेस गर्ने,
- ❖ एएसपीनेट सम्बन्धमा भए गरेका पत्राचार, अभिलेख संरक्षण गर्ने,
- ❖ एएसपीनेटका कार्य सञ्चालनका सम्बन्धमा सचिवालयका निर्देशन पालना गर्ने ।

## युनेस्को क्लब

युनेस्को क्लब स्थापना गर्नका लागि सम्बन्धित क्लबले यस सचिवालयबाट जिल्ला प्रशासन कार्यालयको नाममा सिफारिस लिनुपर्ने र जिल्ला प्रशासन कार्यालयमा दर्ता भएको प्रमाणपत्र, विधानको प्रतिलिपि र सम्बन्धनका लागि संस्थाको कार्य समितिको निर्णयसहित कुनै नयाँ युनेस्को क्लबले स्थापना भएको एक आर्थिक वर्ष समाप्त भएपछि सचिवालयमा सम्बन्धनका लागि निवेदन दिन सक्नेछ । जिल्ला प्रशासन कार्यालयमा दर्ता भइसकेका यस्ता क्लबहरूले सचिवालयमा सम्बन्धनका लागि निवेदन पेस गर्दा निम्न लिखित कागजात अनिवार्य रूपमा सचिवालयमा पेस गर्नु पर्नेछ :

- ❖ गत आर्थिक वर्षमा सम्पादन गरेको कार्यहरू र सोको लागत विवरण ।
- ❖ गत आ. व. को लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि ।
- ❖ क्लब  नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि ।
- ❖ चालु आ. व. को कार्ययोजना ।

## युनेस्को क्लबका प्रमुख कार्यहरू

स्थानीय स्रोत र साधनको प्रयोग गरी स्थानीय तहमा शान्ति, प्रगति र सम्वृद्धि हासिल गर्नकालागि युनेस्को क्लबको गठन गरिन्छ। यसका अतिरिक्त युनेस्को क्लबका प्रमुख

## कार्यहरू निम्न अनुसारका छन् :

- ❖ स्थानीय युवालाई सङ्गठित गरी युवाको क्षमता विकास गर्ने,
- ❖ स्थानीय युवामा सिर्जनशिलता वृद्धि गर्ने,
- ❖ स्थानीय युवालाई दुर्व्यसन विरूद्ध जागरूक र सक्रिय बनाउने,
- ❖ स्थानीय समुदायको क्षमता विकास गरी दिगो विकासमा योगदान बढाउने,
- ❖ स्थानीय स्रोत र साधनको संरक्षण र सम्वर्द्धन गरी दिगो विकासलाई व्यवहारमा उतार्ने,
- ❖ मानव अधिकार प्रति समेत, सजग र सम्मान गर्ने व्यहारको विकास र प्रवर्द्धन गर्ने,
- ❖ स्थानीय समस्याको समाधानकालागि स्थानीय समुदायमा सहकार्यको संस्कारको विकास गर्ने,
- ❖ सामाजिक सौहार्दताको विकास र विस्तार गरी विकासका प्रतिफलमा समन्यायिक पहुँच सुनिश्चित गर्ने,
- ❖ युनेस्कोले सिर्जना गरेका अवसरहरूबाट स्थानीयस्तरको लाभ हासिल गर्नसक्ने अवस्था सुनिश्चित गर्ने ।

सचिवालयबाट सम्बन्धन प्राप्त युनेस्को क्लबहरूको एउटा राष्ट्रिय महासङ्घ व्यवस्था गरिएको छ। सचिवालयको सिफारिसका आधारमा जिल्ला प्रशासन कार्यालय, युनेस्को क्लबहरूको राष्ट्रिय महासङ्घ दर्ता भएपछि दर्ता प्रमाण पत्रको प्रतिलिपि, विधानको प्रतिलिपि र सम्बन्धनको लागि महासङ्घको तदर्थ समितिको निर्णयसहित यस सचिवालयमा माग भएमा कार्यकारिणी समितिले ४ वर्षको लागि सम्बन्धन दिन सक्नेछ । सम्बन्धन प्राप्त गरेपछि तत्काल तदर्थ समितिले युनेस्को क्लबहरूको राष्ट्रिय अधिवेशन गरी महासङ्घको कार्य समितिको चयन गर्नेछ ।

## युनेस्को क्लबहरूको राष्ट्रिय महासङ्घको कार्यहरू

- ❖ आधिकारिक निकायमा दर्ता, दर्ता नविकरण भएका युनेस्को क्लब तथा संस्थाहरूलाई महासङ्घको सदस्यता प्रदान गर्ने,
- ❖ देशमा बैधानिक रूपमा कार्यरत युनेस्को क्लब तथा संस्थाहरूको अभिलेख राख्ने, अभिलेख अद्यावधिक गर्ने,